समृद्ध धुलिखेलका लागि पर्यटकीय विकास, शिक्षा, स्वास्थ्य, व्यापार र आवास

## धुलिखेल नगरपालिकाको २९ औं नगर परिषदमा प्रस्तुत आ.व. ०७४/७५ का लागि

## नीति तथा कार्यक्रम सहितको बजेट बक्तव्य

धुलिखेल नगरपालिकाको २९ औं परिषदबाट स्वीकृत आ.व. २०७४/०७५ को लागि नीति, कार्यक्रम, योजना तथा बजेट सार्वजनिकीकरण समारोहका प्रमुख अतिथि माननीय संघीय मामिला तथा स्थानीय विकास राज्यमन्त्रीज्यू, विशिष्ट अतिथि काभ्रेपलान्चोक जिल्लाका माननीय सांसदज्यूहरू, श्रीमान प्रमुख जिल्ला अधिकारीज्यू, स्थानीय विकास अधिकारीज्यू, यस नगरपालिकाका पूर्वप्रमुखज्यू, नेपाल नगरपालिका संघका उपाध्यक्षज्यू, कार्यालय प्रमुखज्यूहरू, कार्यकारी अधिकृतज्यूहरू, स्थानीय राजनीतिक दलका प्रमुख तथा प्रतिनीधिज्यूहरु, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरू, वडा नागरिक मंच, नागरिक सचेतना केन्द्र तथा टोल विकास समितिका पदाधिकारी, विभिन्न संघ-संस्थाका प्रतिनिधिज्यूहरू, सञ्चारकर्मी, समाजसेवी, मानव अधिकारकर्मी तथा सम्पूर्ण नगरवासीहरुमा यस धुलिखेल नगरपालिकाको २९ औं नगर परिषद्को निर्णय सार्वजनिकीकरण समारोहमा उपस्थित भई समारोहको गौरव बढाईदिनु भएकोमा हार्दिक आभार व्यक्त गर्दछु। सर्वप्रथम मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता, शान्ति तथा विकास, अधिकार र समृध्दिका लागि जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु।

वि.सं. २०४३ सालमा स्थापना भएको तथा राजधानीवाट मात्र ३० किलोमिटरको दूरीमा रहेको धुलिखेल नगरपालिका विकासका प्रशस्त सम्भावानाहरूले भरिएको छ। "समृद्ध धुलिखेलका लागि पर्यटकीय विकास, शिक्षा, स्वास्थ्य, व्यापार र आवास" भन्ने मूल नाराका साथ यस नगरीलाई वासोवासयोग्य शहरका रूपमा स्थापित गर्न अगाडि बढिरहेको यस नगरपालिकाको आ.व. २०७४-७५ क लागि नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा नगरपालिका परिवारको साथमा म गौरवान्वित भएको छु।

आफ्ना आवश्यकता, समस्या, अवसर तथा सम्भावनाहरूलाई नागरिकले आफ्नै सहभागितामा सम्बोधन गर्न सक्ने सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अपनाउदै वडा भेलामा वडा नागरिक मंच, नागरिक सचेतना केन्द्र, टोल विकास सँस्था तथा वडावासीहरूको व्यापक सहभागिता र सक्रियता तथा राजनैतिक दलहरूको पूर्ण समन्वयका साथै बिषयगत योजना तर्जुमा समितिको बैठक, एकीकृत योजना तर्जुमा समितिको बैठक, राजस्व परामर्स समितिको बैठक, विकासका साझेदारहरूसंगको छलफल र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र नेपाल सरकारका अन्य केन्द्रीय निकायहरूसंगको समन्वयमा नगरपालिकाले तयार गरेको आगामी आ.व. २०७४-७५ को नीति तथा कार्यक्रम र बजेट सहित यहाँ उपस्थित भएको छु।

स्थानीय निकाय केन्द्रीय सरकारको सबैभन्दा नजिकको साझेदार हुनुका अतिरिक्त स्थानीय जनताको सबैभन्दा नजिकको सरकार र सेवा प्रदायक पनि हो। जनताको नजिकको सरकार लामो समयदेखि जनताका निर्वाचित प्रतिनिधिहरू विहीन रहंदा उत्पन्न भएको जटील अवस्थामा पनि नागरिकहरूलाई जटीलताको महसुस हुन नदिन हामी क्रियाशील, सजक र संवेदनशील छौं। यस्तो विषम परिस्थितिमा नगरवासीको हितलाई सर्वोपरी राख्न निरन्तर सहकार्य र समन्वय गर्न क्रियाशील यस नगरपालिकाका राजनैतिक दलहरू, वडा नागरिक मंच, नागरिक सचेतना केन्द्र, टोल विकास सँस्था, नागरिक समाज, विभिन्न संघसंस्थाहरू, आमसंचार जगत, गैर सरकारी संस्थाहरू, जिल्लास्थित सरकारी कार्यालयहरू, सुरक्षा निकाय लगायत सम्पूर्ण नगरवासीहरूमा हार्दिक आभार व्यक्त गर्दछु। निर्वाचित पदाधिकारीको अभावले उत्पन्न जटील अवस्थामा नगरपालिकाको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नुपर्ने चुनौतिपूर्ण काम आगामी वर्ष निर्वाचित प्रतिनिधिले नै गर्न पाउनुहुनेछ भन्ने आशाका साथ खासगरी नीतिगत निर्णयहरू गर्दा आउने कठीन चुनौतीहरूको सहज व्यवस्थापनका लागि सहयोग, सहकार्य र समन्वय कायम गर्न सहभागिता जनाउनुहुने राजनैतिक दलहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

धुलिखेल नगरपालिकामा आर्थिक तथा सामाजिक विकासका प्रशस्त संभावना हुँदाहुदै पनि आन्तरिक श्रोत साधनको न्यूनताका कारण हाम्रो विकास प्रयास पूर्णतया नेपाल सरकारको अनुदानमा नै आधारित छ। नगरपालिकालाई प्राप्त सीमित श्रोत र साधनबाट नगरवासीका असीमित आवश्यकता र सम्भावनाहरुलाई सम्बोधन गर्न अत्यन्तै कठीन छ। यो चुनौती सामना गर्न नगरपालिकाको आफ्नै आन्तरिक स्रोत वृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ। आत्मनिर्भरता बढाउदै लगे मात्र वास्तवमा स्थानीय स्वशासनवाट आधिकाधिक उपलब्धि हासिल गर्न सकिने अवस्था उत्पन्न हुने भएकोले नगरपालिकाले आफ्ना प्रयासहरूलाई यसतर्फ केन्द्रीत गरेको कुरा निवेदन गर्न चाहन्छु। साथै यस नगरपालिकामा वस्ती बिस्तारको बढ्दो क्रमलाइ व्यवस्थित गर्न आन्तरिक आम्दानी वृद्धि एवं सबै पक्षहरुको सहकार्यले मात्र बाटो, खानेपानी, स्वास्थ्य, शिक्षा,

सरसफाई जस्ता आधारभूत शहरी सेवामा नागरिकको सहज पहूँच स्थापित गरी अल्पकालीन र दीर्घकालीन नीति तथा योजना निर्माण गर्न सकिने भएकोले सम्बन्धित सबै पक्षहरूलाई सहकार्यका लागि हार्दिक आव्हान गर्न चाहन्छु।

आदरणीय महानुभावहरू ,

अब म यस नगरपालिकाले बिगत आ.व. मा हासिल गरेका मुख्य उपलव्धिहरू तथा चालु आ. व. को हालसम्मको प्रगति अवस्थाका बारेमा छोटकरीमा उल्लेख गर्न चाहन्छु।

१. गत आ.व. मा रू१ करोड ११ लाख ५५ हजार १ सय २२ रुपैंयाआन्तरिक आम्दानी प्रक्षेपण गरिएकोमा लक्ष्यभन्दा -१३.७७ प्रतिशतले घटी रू९६ लाख १८ हजार ९३ रुपैया आन्तरिक आम्दानी प्राप्त भएको छ भने यस आ. व. को मङ्सिर मसान्त सम्ममा कूल बार्षिक लक्ष्यको १ करोड ३१ लाखको ९० प्रतिशतले (रू१ करोड १८ लाख ) राजस्व असुली भएको छ।

२. खर्च तर्फ गत आ.व. मा रू १७ करोड ८२ लाख ८४ हजार १ सय २८ खर्च अनुमान गारिएकोमा रू. १२ करोड ५७ लाख ४२ हजार ६ सय ६१ (२९.४७ प्रतिशत )कमले खर्च भएको छ. जसमध्ये चालु तर्फ रू४ करोड ७० लाख ७७ हजार ६ सय २४ र पूँजीगत तर्फ रू७ करोड ८६ लाख ६५ हजार ३७ खर्च भएको छ।

३. मिति २०७२ वेशाख १२ गते गएको विनासकारी भूकम्प तथा त्यस पछिका पराकम्पनहरूबाट ध्वस्त हुन पुगेको यस नगरपालिकामा पुन:निर्माणको कार्य जारी छ। भूकम्पवाट क्षतिग्रस्त निजी आवासहरूको पुन:निर्माणका लागि पहिचान गरिएका २१९३ जना लाभग्राहीहरू मध्ये २०२५ जना संग पून:निर्माण सम्झौता सम्पन्न भई १९५४ जना लाभग्राहीहरूलाइ पहिलो किस्ता वापतको रू. ५०,००० वितरण भैसकेको छ। ११०४ वटा गुनासोहरु दर्ता भएका छन। करिव ६० वटा आवासहरूको निर्माण कार्य शुरू भएको छ भने ९ जना लाभग्राहीहरु वाट दोस्रो किस्ता रकम माग भई आएको छ। पहिलो किस्ता रकम प्राप्त गरेका लाभग्राहीको आवास निर्माण तथा दर्ता भएका गुनासोहरूको उचित सम्बोधनका लागि नगरपालिकावाट निरन्तर पहल भैरहेको छ।

४. यस नगरपालिकाको फोहोरमैला व्यवस्थापनको कार्यलाई व्यवस्थित, व्यावहारिक र वैज्ञानिक बनाउन साझेदारीमा काम शुरु गरिएको छ । जस अन्तर्गत फोहोर संकलन, ढुवानी तथा व्यवस्थापन, सडक सरसफाई, फोहोरमैला शुल्क संकलन लगायतका कामहरू निजी क्षेत्रलाइ दिइएको छ । यसवाट नगरपालिकालाई बार्षिक २६ लाख आम्दानी प्राप्त हुनेछ। नगरपालिकाको डम्पिंग साइटको सट्टा स्यानिटरी ल्याण्डफिल साइट संचालनका लागि जग्गा प्राप्त गरिएको छ । उक्त साइट संचालनका लागि अध्ययन भईरहेको छ साथै साइटसम्म जाने बाटो निर्माणमा नगरपालिकाको ध्यान केन्द्रित भएको छ। धुलिखेललाई सफा र सुन्दर नगरको रूपमा स्थापित गरी वास्तवमै पर्यटकीय शहर बनाउने अभियानमा नगरपालिका लागेको छ।

५. आन्तरिक आम्दानी वृद्धिका लागि नगरपालिकाको राजस्व शाखालाई सुधार गरिएको छ। गत आ.व. तथा चालु आ. व. मा समेत लक्ष्यभन्दा बढी राजस्व संकलन गर्न सफल भएकोमा सम्बन्धित शाखा तथा नगरपालिकाका कर्मचारीहरू र करदाता नगरवासीहरूलाइ धन्यवाद दिन चाहन्छु।

६. गत आ.व. मा पूर्वाधार विकासको काममा यस कार्यालयवाट रू.९ करोड १९ लाख ८८ हजार ८ सय ७४ खर्च गरिएको छ भने चालु आ.व. मा रू५ करोड ५२ लाख ५३ हजार ४२ बजेट बिनियोजन गरिएको छ । त्यसैगरी सामाजिक विकासमा गत आ.व. मा रू ३८ लाख ७६ हजार खर्च भएको र चालु आ.व. मा रू९८ लाख २८ हजार बजेट बिनियोजन गरिएको छ।

७. धुलिखेल नगरपालिका वडा नं. ४ मा निर्माणाधीन पसल घर चालु आ.व. मा निर्माण सम्पन्न हुने चरणमा पुगेको छ।

८. Winrock International संगको सहकार्यमा विपद व्यबस्थापन कार्य योजना तयार गरिएको छ।

९. यस नगरपालिकाको वडा नं.७ मा संचालित जग्गा विकास कार्यक्रम बिबिध कारणबस बिगत लामो समयदेखि सम्पन्न हुन नसकिरहेको र त्यसवाट सम्बन्धित उपभोक्तालाइ पर्न गएको असुविधा समेतलाई ध्यानमा राखी यसै आ.वा मा सम्पन्न गर्ने लक्ष्य लिइएको छ।

१०. यस नगरपालिकाको भवन निर्माण सम्बन्धि मापदण्ड तथा कार्यविधि, २०७३ संशोधन गरी लागू गरिएको छ. जसले व्यवस्थित वस्ती निर्माणमा महत्वपूर्ण योगदान दिनेछ।

११. नगरको सुन्दरता र आवश्यकतालाइ समेत ध्यानमा राखी नगर क्षेत्रमा व्यवस्थित जेस्ठ नागरिक तथा बाल उद्यान निर्माणको लागि स्थान निर्धारण गरिएको छ।

१२. भूकम्पवाट भएको क्षति समेतलाई ध्यानमा राखी नगरका सम्पदा संरक्षण कार्यलाई प्राथमिकता दिइएको छ । यस कार्यमा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसंग सम्झौता सम्पन्न भएका छन ।

१३. नगरको शिक्षा तथा स्वास्थ्यको क्षेत्रमा समयानुकूल सुधार गर्न धुलिखेल अस्पताल र काठमाडौँ विश्वविद्यालय संग सहकार्यका लागि कार्यदल गठन भई काम अगाडि बढेको छ ।

१४. स्वास्थ्य सेवामा समान पहूँच पाउने नागरिकको हक र स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउदै जाने राज्यको नीति अनुरुप स्वास्थ्य सेवाको विकास र विस्तारमा नगरपालिकाले प्रयास गरीरहेको छ । गत आ.व. मा स्वास्थ्य सेवा प्रवर्धनका विभिन्न कार्यक्रमहरू संचालन गर्नुका साथै वडा नं. १ पकुचामा नगर स्वास्थ्य केन्द्र स्थापना गरी संचालनमा आएको छ । यसवाट सो वडाका नगरवासीहरूलाई आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्न सहजता प्राप्त भएको छ । यस आ.व. मा यस नगरपालिकाको काभ्रेभन्ज्यांगमा अवस्थित स्वास्थ्य चौकीको भवन निर्माणका लागि आवश्यक पहल शुरू गरिएको छ।

**नीति, कार्यक्रम, योजना र बजेट निर्माणको मार्गदर्शन**

आर्थिक वर्ष २०७४-७५ को लागि यस नगरपालिकाको उद्देश्य, नीति, कार्यक्रम, योजना र बजेट निर्माणमा देहायका विषयहरूलाइ मार्गदर्शनको रूपमा लिइएको छ :

१. नेपालको संबिधान, २०७२
२. स्थानीय स्वायत्त शासन ऐन, २०५५
३. स्थानीय स्वायत्त शाशन नियमावली, २०५६
४. दिगो विकास लक्ष्यहरू (SDGs)
५. चौधौं योजनाले निर्दिष्ट गरेका ल्क्ष्य र उद्दिश्यहरू
६. नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको बजेट सिलिंग र मार्गदर्शन
७. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९
८. नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसंग गरिएको कार्य सम्पादन सम्झौता
९. वडा नागरिक मंच, नागरिक सचेतना केन्द्र र टोल विकास सँस्थाहरूवाट प्राप्त सिफारिसहरू
१०. गत आर्थिक वर्षमा संचालित योजना र कार्यक्रमहरूको अनुगमन तथा लेखा परिक्षणवाट प्राप्त सुझावहरू
११. चौमासिक तथा बार्षिक समीक्षा, सार्वजनिक सुनुवाई एवं अनुगमन तथा सुपरीवेक्षणवाट प्राप्त पृष्ठपोषण
१२. सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका समग्र सुझावहरू

आदरणीय महानुभावहरू,

अब म आगामी आ.व. २०७४-७५ मा यस नगरपालिकाले लिने दीर्घकालीन सोच, उद्देश्य, नीति तथा कार्यक्रमको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

क) दीर्घकालीन सोच: समृद्ध धुलिखेलका लागि पर्यटकीय विकास, शिक्षा, स्वास्थ्य, व्यापार र आवास ।

ख) उद्देश्य:

१. समग्र बिकासको प्रतिफल दिगो रूपमा नागरिकसम्म पुर्याउन पूर्वाधारको विकास गर्ने ।

२. समाजमा रहेका सबै किसिमका असमानता र विभेदहरूको अन्त्य गर्दै स्रोत साधन, अवसर र उपलब्धिमा विपन्न समूदायको पहूँच बढाउने ।

३. उत्पादनमूलक क्षेत्रमा व्यावसायिकता अभिवृद्धि गरी उद्यमशीलता विकास तथा सामाजिक परिचालनको मध्यमवाट गरीवी घटाउने ।

४. स्वस्थ खानेपानी, सरसफाई र स्वास्थ्य सेवालाई विस्तारित र व्यवस्थित बनाउने।

५. धुलिखेल नगरपालिकालाई आत्मनिर्भर, समृद्ध र बसोवासयोग्य शहरको रूपमा स्थापित गर्ने।

ग) दीर्घकालीन नीति

१. नगरको योजनावद्ध विकासका लागि एकीकृत विकास योजना तर्जुमा गरी कार्यन्वयनमा ल्याउने।

२. नगरको भूऊपयोग नीति तर्जुमा तथा कार्यान्वयन मार्फत वसोवासयोग्य शहर निर्माणको आधार तयार गर्ने।

३. आन्तरिक आय वृद्धि गर्दै नगरलाई आत्मनिर्भर बनाउन सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसंग सहकार्य गर्ने।

४. विकासका प्रयासहरूलाई वातावरण मैत्री बनाइ दिगो विकासको लक्ष्य प्राप्तिमा सहयोग गर्ने।

५. सरसफाईको लागि जनचेतना अभिवृद्धि गर्दै नगरलाई खुला दिशामुक्त घोषणा गर्ने।

६. नगर क्षेत्रको फोहोरमैला व्यवस्थापनलाइ बैज्ञानिक, आधुनिक र व्यवस्थित बनाउने।

७. धार्मिक, संस्कृतिक, पुरातात्विक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाहरूको सम्रक्षण र विकास गरी धुलिखेल लाइ पर्यटकीय नगरीको रूपमा विकास गर्ने।

८. समवेसीकरण, सहभागिता तथा सशक्तिकरणका माध्यमवाट सामाजिक न्याय कायम गर्ने।

९. नगरपालिकाको प्रकोप व्यवस्थापन योजना तर्जुमा गर्ने तथा भूकम्प पछिको पून:निर्माणलाइ प्रभावकारी बनाउने।

१०. साहित्य र खेलकुदको विकास मार्फत नागरिकलाई जिम्मेवार र अनुशासित बनाउने।

११. स्वास्थ्य सेवामा नागरिकहरुको पहुँच बढाउदै राष्ट्रिय नीतिहरूले स्वास्थ्य क्षेत्रम लिएका लक्ष्य प्राप्तिमा सहयोग पुर्याउने।

१२. बिपन्न वर्ग र समूदायलाई शिक्षाको अवसर प्रदान गर्न सामूदायिक विद्यालयहरूलाई टेवा दिने।

१३. नगरका सबै क्षेत्रमा स्वच्छ खानेपानीको सुबिधा विस्तार गर्ने।

१४. नगरपालिकावाट हुने सेवा प्रवाह लाइ छिटो, छरितो र सहज बनाउने।

१५. कृषि तथा पर्यटनको विकास मार्फत नगरको समग्र बिकासमा योगदान दिने।

१६. उद्योग तथा व्यापारको क्षेत्रमा व्यावसायिकता अभिवृद्धि गरी समुन्नत शहरको निर्माण गर्ने।

घ) क्षेत्रगत नीतिहरू

<u>शहरी पूर्वाधार तथा भौतिक संरचना</u>

१. विभिन्न क्षेत्रहरूवाट संचालनमा ल्याइने जग्गा विकासका कार्यक्रमहरूलाई सम्बन्धित साझेदारहरु समेतको सहकार्यमा नियमन गरी व्यवस्थित बनाइनेछ।

२. नेपाल सरकार सहरी विकास मन्त्रालय तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेको नमूना मापदण्डका तथा आधारभूत मार्गदर्शन आधारमा तयार गरिएको नगरपालिकाको भवन निर्माण मापदण्ड, २०७३ लाइ पूर्ण कार्यान्वयनमा ल्याई यस नगरपालिकाको सहरी विकास शाखा मार्फत सघन अनुगमन गारिनेछ।

३. नगरपालिका क्षेत्र भित्र अनधिकृत रूपमा र नियम विपरित निर्माण भएका भौतिक संरचनाहरूको विवरण संकलन गरी व्यवस्थित गरीनेछ. त्यस्ता संरचनाहरू नगरपालिकाको प्रचलित मापदण्ड अनुसार नै भएको भए नियमितता प्रदान गर्ने र मापदण्ड विपरितका संरचनाहरू हटाउन सरोकारवालाहरू समेतको सहकार्यमा कार्य गरिनेछ।

४. नगरपालिका भित्रका सम्पूर्ण भौतिक संरचनाहरूको विवरण कम्प्यूटरको GIS सफ्टवेयर प्रणालीमा संकलन र व्यवस्थित गरिनेछ।

५. आगामी बर्षभित्र e-building permission थालनी गर्न आधार तयार गरिनेछ।

६. नगरपालिकाको नगर यातायात गुरूयोजना निर्माण गरी सडक निर्माण कार्यलाई व्यवस्थित बनाइनेछ।

७. विकास र वातावारणको सन्तुलन मिलाउन तथा स्थानीय स्तरमा रोजगारीका अवसरहरू सिर्जना गर्न उपभोक्ता समिति मार्फत संचालन हुने योजनहरूमा भारी उपकरणहरूको प्रयोगलाई निषेध गरिनेछ।

८. नगरपालिकाक योजना तथा कार्यक्रमहरूमा जनसहभागिताको अंश ज्यादै न्यून रहेको विद्यमान अवस्थामा सुधार गर्न बढी जनासभागीता जुट्न सक्ने योजनाहरूलाई पहिलो प्राथमिकतामा राखिनेछ।

वातावरण संरक्षण, खानेपानी तथा सरसफाई

१. वातावरण मैत्री स्थानीय शासनको प्रारूप, २०७० मा उल्लेखित सूचकहरू पूरा गर्दै कार्यालय, विद्यालय, बस्ति, टोल, वडा र नगर लाइ क्रमशः वातावरणमैत्री घोषणा गरिनेछ।

२. आगामी आर्थिक बर्षमा धुलिखेल नगरपालिकालाइ खुला दिसामुक्त नगर घोषणा गरिनेछ।

३. फोहोरमैला व्यवस्थापनलाई आधुनिक, वैज्ञानिक र व्यवस्थित बनाउन सरोकारवालाहरू समेतको सहभागितामा अभियान संचालन गरिनेछ।

४. नगरक्षेत्रभित्र पशु, चौपयाहरूलाई खुला छोड्ने कार्यलाई सघन अनुगमन तथा निरीक्षणको माध्यमवाट नियन्त्रण गरिनेछ।

५. सफा र सुरक्षित खानेपानीको सुबिधा नगरका सबै क्षेत्रहरूमा बिस्तार गर्न नगरक्षेत्रका मुहानहरूको संरक्षण तथा खानेपानी विस्तार र वितरणमा सम्बन्धित सरोकारवालाहरू संग सहकार्य गरिनेछ।

आर्थिक प्रशासन तथा राजस्व परिचालन

१. नगरपालिको आर्थिक क्षमता अभिवृद्धिका लागि साझेदारीका विभिन्न कार्यक्रमहरू मार्फत आम्दानीका नयाँ स्रोतहरूको खोजि र परिचालन गरिनेछ।

२. आम्दानीका वर्तमान स्रोतहरूको उपयोगमा दिगोपना कायम गर्दै स्रोतहरूको प्रभावकारी व्यवस्थापन गरिनेछ।

३. लेखापरीक्षण प्रतिवेदनहरूले औंल्याएका सुझावहरूलाई कार्यान्वयन गरिनेछ. बेरुजु तथा पेस्की फछर्यौट कार्यलाई गति दिइनेछ।

४. वित्तिय व्यवस्थापनसंग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन,अनुगमन तथा मूल्यांकन सम्बन्धि सम्पूर्ण सूचना तथा तथ्यांकहरूलाई नगरपालिका सूचना प्रणाली (Municipality Information System) मा आवद्ध गरी चुस्त बनाइनेछ।

५. नगरपालिकाको आम्दानी तथा खर्चलाइ पारदर्शी तथा उपलब्धिमूलक बनाइनेछ।

सम्पदा संरक्षण तथा पर्यटन प्रवर्धन

१. धुलिखेल नगरको पर्यटन विकासको सम्भावनालाई उजागर गरी पर्यटनको माध्यमवाट नगरलाई समृद्ध बनाउन पर्यटन विकास गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

२. भूकम्पवाट क्षतिग्रस्त सम्पदाहरूको पूनःनिर्माण र संरक्षण कार्य अघि बढाइनेछ।

३. नगरमा पर्यटकहरूलाई आकर्षित गर्न सुबिधा बढाउने तथा महोत्सवका कार्यक्रमहरू अगाडि ल्याइनेछ।

४. जात्रा, पर्व, कला, संस्कृति, परम्परा तथा मौलिकताको संरक्षणका लागि सहायताका कार्यक्रमहरू संचालन गरिनेछ।

५. संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय तथा अन्य साझेदारहरूको सहयोग र सहकार्यमा पर्यटन विकासका पूर्वाधारहरूको विकास एवं विस्तार गरिनेछ।

६. होमस्टे कार्यक्रम संचालन गर्न प्रोत्साहित गरिनेछ।

सुशासन तथा संगठन विकास

१. नगरपालिकाको संगठन संरचना ज्यादै पुरानो तथा नगरपालिकाले सम्पादन गर्नुपने काम र क्षेत्र तथा जनसंख्या र नागरिकका अपेक्षामा आएको बढोत्तरी संगै संगठन संरचना तथा दरबन्दीमा समयानुकुल सुधार गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय संग सहमति लिई प्रक्रिया अगाडी बढाइनेछ।

२. नागरिकहरूको आवस्यकता, अपेक्षा तथा नगरपालिको क्षमता समेतलाई ध्यान दिई संयूक्त वडा कार्यालयहरू बिस्तार गर्दै लगिनेछ

३. नगरपालिकाले प्रदान गर्ने सेवा सुविधालाई सरल र सहज बनाइनेछ. सेवा प्रवाहमा प्रविधिको प्रयोगलाई बढाइनेछ।

४. पारदर्शिता र सुशासनका लागि नगरपालिकासंग सम्बन्धित सूचनाहरूलाई विद्युतीय तथा छापा संचार माध्यममा प्रकाशन, प्रशारण गर्ने कार्यलाइ निरन्तरता दिइनेछ।

५. विभिन्न संचार माध्यमहरूसंगको सहकार्यमा नागरिकहरूलाई सुसूचित गर्न तथा नगर विकासका गतिविधिहरू सार्वजनिक गर्न कार्यक्रम उत्पादन र प्रशारण गरिनेछ।

६. फोहोरमैला व्यवस्थापन, ढल प्रशोधन केन्द्र रेखदेख, कार्यालय सूरक्षा, बगैचा हेरचाह, फायरम्यान, उपकरण मर्मत, सवारी चालक जस्ता सेवाहरू करारमा लिने कार्यलाई निरन्तरता दिइनेछ।

७. नगरपालिकाको आम्दानी तथा खर्चलाई सार्वजनिक गर्ने तथा सार्वजनिक सुनुवाई र सावजनिक परीक्षणलाइ प्रभावकारी र अर्थपूर्ण बनाइनेछ।

८. नगरपालिकामा कार्यरत कर्मचारीहरूको मनोवल उच्च बनाउन सर्वोत्क्रिष्ट कर्मचारी र उत्कृस्ट कर्मचारीहरूलाई पुरष्कृत गरिनेछ।

<u>शिक्षा तथा स्वास्थ्य</u>

१. विपन्न तथा उपेक्षित वर्गका बालबालिकाहरूलाई विद्यालय शिक्षाम सहभागी गराउन विभिन्न सामूदायिक विद्यालयहरूलाई दिंदै आएको अनुदानलाइ व्यवस्थित गर्दै लगिनेछ।

२. धुलिखेल नगरपालिकाद्वारा व्यवस्था गरिएका सामूदायिक विद्यालयहरूको प्रभावकारिताका लागि विद्यार्थी संख्या, क्षेत्र र दूरीलाइ आधार बनाइ एक अर्कोमा गाभ्ने नीति लिइनेछ।

३. गरिव तथा दलित बालबालिकाहरूलाई विद्यालय शिक्षामा सहभागी गराउन तथा त्यस्ता अभिभावकहरूको सशक्तिकरणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।

४. आधारभूत स्वास्थ्य सेवामा नगरवासीहरूको पहूँच अभिवृद्धि गर्दै लगिनेछ।

५. राज्यको स्वास्थ्य सम्बन्धि लक्ष्य हासिल गर्न सहयोग पुग्ने कार्यक्रम र अभियानहरू संचालन गरिनेछ।

६. स्वास्थ्य सम्बन्धि जनचेतना अभिवृद्धि गर्न लगानी गरिनेछ।

७. नगर स्वास्थ्य केन्द्रहरूलाई अनुदान दिई स्वास्थ्य सेवालाई सरल र गुणस्तरीय बनाउदै लगिनेछ।

८. नगर स्वास्थ्य केन्द्रलाई क्रमशः सबै वडाहरूमा विस्तार गर्दै लगिनेछ।

<u>कृषि</u>

१. कृषि क्षेत्रको विकासका लागि सम्बन्धित निकाय र संघ संस्थाहरूको समेत सहकार्यमा किसानलाई तालिमको व्यवस्था गरिनेछ।

२. सम्बन्धित टोल विकाससँस्था संगको समन्वयमा खेतीयोग्य जमीन बाँझो राख्ने व्याक्तिहरूलाई एकीकृत सम्पति करमा जरिवाना लगाइनेछ।

३. नगरपालिकाको भूउपयोग नीति तर्जुमा गरी कृषि पकेट क्षेत्र तोकिनेछ र त्यस्ता क्षेत्रहरूमा स्थाई भवनहरू बनाउन रोक लगाइनेछ।

४. वालीको सम्भावना र किसानको मागको आधारमा कृषि सामग्री वितरण गरी कृषकको आय आर्जन वृद्धि गर्न योगदान दिइनेछ।

<u>उद्योग तथा व्यापार</u>

५. नगरपालिकाको भूउपयोग नीतिका आधारमा उद्योग र व्यापारका लागि क्षेत्र निर्धारण गरी आधारभूत पूर्वाधारहरूको व्यवस्था गरिनेछ।

६. नगरपालिका भित्र संचालित व्यवसायहरूको सम्पूर्ण सूचना संकलन गरी व्यवसायलाइ अझै नियमित र अनुशासित बनाइनेछ।

लक्षित समूह विकास

१. जेष्ठ नागरिक, महिला, बालबालिका, आदिवासी जनजाति, उपेक्षित, दलित, मुश्लिम तथा फरक क्षमता भएका समूदायको सशाक्तिकरण गर्दै लगिनेछ।

२. नगरपालिकामा स्थापित Gender Focal Person र Gender Focal Desk लाइ थप प्रभावकारी बनाइनेछ।

३. धुलिखेल नगरपालिकालाइ निकृष्ट प्रकारको बालश्रम विहीन नगरका रूपमा स्थापित गरिनेछ साथै बलमैत्री नगर घोषणा गरिनेछ।

४. लैंगिक विकासका लागि सशक्तिकरण, व्यवहार सुधार, लैंगिक बजेट, सचेतना, तालिम जस्ता औजारहरूको उपयोग गरिनेछ।

५. लक्षित वर्गको लागि निर्धारित बजेटवाट सम्पादित हुने काम, योजना तथा कार्यक्रमहरू लाई थप प्रभावकारी बनाउंदै लगिनेछ।

साझेदारी

१. सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत संचालित योजनाहरूलाइ प्रभावकारिताका आधारमा निरन्तरता दिइनेछ।

२. साझेदारीमा सम्पादन गर्न सकिने थप कामहरुको र साझेदारीको माध्यमवाट नगरपालिकाको आम्दानी वृद्धि हुन सक्ने थप आयोजना र स्रोतहरूको खोजि गर्दै आन्तरिक आम्दानी बढाइनेछ।

सामाजिक परिचालन

१. वडा नागरिक मंच, नागरिक सचेतना केन्द्र, टोल विकास सँस्था र पदाधिकारीहरूको क्षमता वृद्धिलाइ प्राथमिकता दिइनेछ।

२. नगरमा संचालन हुने सुधारका कार्यक्रमहरूमा वडा नागरिक मंच, नागरिक सचेतना केन्द्र र टोल विकास सँस्था संगको सहकार्य र अन्तरक्रियालाई सघन बनाइनेछ।

३. सामाजिक परिचालन र सामाजिक सचेतना अभिवृद्धि गर्दै नगरपालिकाद्वारा संचालन हुने कार्यक्रमहरूमा नागरिकहरूको सक्रिय सहभागिता अभिवृद्धि गरिनेछ।

विपद व्यवस्थापन

१. धुलिखेल नगरपालिकाको विपद व्यबस्थापन योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

२. विपद व्यवस्थापनको कार्यलाई थप प्रभावकारी बनाउन नजिकका स्थानीय निकायहरूसंगको समन्वयमा संयूक्त प्रयास र साझेदारी गरिनेछ।

उद्योग र व्यापार

१. बजार अनुगमन र निरीक्षण कार्यमा सम्बन्धित निकाय, संघसंस्थाहरू र नागरिक समाज समेतको सहभागिता जुटाई यसलाई नियमित र सघन बनाइनेछ।

२. नगरको भूउपयोग नीति निर्माण गरी औद्योगिक र व्यापारिक क्षेत्र निश्चित गरिनेछ।

३. व्यापार व्यवसायको अभिलेख अध्यावधिक गरी नियमितता प्रवर्धन गर्दै आन्तरिक आम्दानी बढाइनेछ।

आदरणीय महानुभावहरू,

विकासको अनुभूति नागरिकसम्म पुग्नका लागि पूर्वाधारको विकास पहिलो आवश्यकता हो । यस नगरपालिकाको क्षेत्र विस्तार भई ग्रामीण क्षेत्र समेत समाहित भएको अवस्थामा समग्र बिकासको पहिलो पूर्वशर्तको रूपमा यातायात देखा परेको छ । यातायात लगायतका पूर्वाधारका कामका लागि यस नगरपालिकामा माग भइ आउने योजना तथा कार्यक्रमको अधिकांश हिस्सा ओगटने गरेका छन । धुलिखेल नगरपालिका नगरवासिहरूका तर्फवाट आउने यस्ता किसिमका मागलाई सम्बोधन गर्न प्रयासरत छ । आगामी आ. व. मा पूर्वाधार विकासको कार्यमा रू................. बजेट विनियोजन गरेको छु । तर हाम्रा विकासका प्रयासहरू योजनाबद्ध र वातावरणमैत्री हुन नसक्दा साथै एउटा सुविधा प्राप्त गर्नका लागि मानव जीवनका अन्य पक्षहरूमा यथोचित ध्यान पुग्न नसक्दा कतै हाम्रो विकासले वास्तवमा क्षणिक लाभ र दीर्घकालीन हिसावमा गहिरो वातावरणीय क्षति पुग्न गई प्रकोपको सम्भावनालाई बढाउदै लागेको तथा दिगो विकासको लक्ष्य प्राप्तिमा व्यवधान खडा गरेको त छैन भन्ने विषयमा गम्भीर भई चिन्तन गर्नुपर्ने बेला आइ सकेको छ । हाम्रा सन्ततिलाइ प्राकृतिक सम्पदाको उपयोग गर्न वन्चित गर्ने र प्रकोपको जोखिममा बाँच्न बाध्य तुल्याउने अधिकार हामीमा छैन । पूर्वाधार विकासका कामवाट वातावारणीय क्षति कम गर्नका लागि आवश्यक ऊपाय अपनाइने छ । भारी उपकरणहरूको प्रयोगलाई व्यवस्थित गरिने छ ।

असमानता आधुनिक लोकतान्त्रिक समाजको गम्भीर समस्या हो । यस नगरपालिका अन्तर्गतका स्रोतसाधनहरूको उपयोग तथा विकासका उपलब्धि एवं अवसरहरूको समानुपातिक वितरणका लागि नगरपालिकाले सम्बेदनशील भई आफ्ना प्रयासहरू अगाडि बढाउनेछ । विपन्न वर्गको हितलाई ध्यान दिंदै कूल विकास खर्चको ४० प्रतिशत बजेट लक्षित वर्गको सशक्तिकरण र विकासका लागि छुट्याइएको छ । उक्त रकमवाट लक्षित समूदायको क्षमता विकास, जागरण, सशक्तिकरण, आयआर्जन तथा पहूँच अभिवृद्धि गर्न लक्षित समूदायको हितका कार्यक्रमहरू संचालन गरिनेछ । विपन्न नागरिकका सन्ततिहरूलाई छात्रवृत्ति, तालिम तथा शैक्षिक सामग्री वितरण गरिनेछ । यस्ता कार्यक्रमहरू संचालन गर्दा निर्धारित बजेट लक्षित समूदायको ढोकासम्म पुगी सम्बन्धित वर्गले महसुस गर्न सक्ने र जीवनस्तर उकास्न सक्ने गरी समतामूलक समाज निर्माण र आपसी सहिष्णुता अभिवृद्धि गर्ने व्यवथा मिलाइनेछ ।

आगामी आ.व मा नगरपालिकाको वडा नं. १३ को ग्रामिण क्षेत्रलाइ लक्षित गरी नगर स्वास्थ्य केन्द्र स्थापनाका लागि कार्य अगाडि बढाइनेछ । यसका लागि भवन निर्माण गर्न बजेट बिनियोजन गरिएको छ साथै अन्य भवन निर्माण लगायतका अन्य कामका लागि जिल्ला स्वास्थ्य कार्यालयसंग समन्वय गरिनेछ । देशकै स्वास्थ्य सेवाको केन्द्र बन्दै गैरहेको यस नगरपालिकाका नागरिकहरूलाई गुणस्तरीय, सुलभ र सहज स्वास्थ्य सेवामा पहूँच अभिवृद्धि गर्न धुलिखेल अस्पताल लगायतका स्वास्थ्य सेवा प्रदयायकहरूसंग समन्वय र सहकार्य गरिनेछ ।

खानेपानी नागरिकको आधारभूत आवश्यकता र अधिकार पनि हो । यस नगरपालिकामा संचालित खानेपानी आयोजनाले सबै क्षेत्रलाइ समेट्न सकेको छैन । खासगरी नगरपालिकाको क्षेत्र विस्तार भएको अवस्थामा विस्तारित क्षेत्रका बासिन्दाहरूले समान सुबिधाको अपेक्षा गर्नु स्वाभाविक हो । काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजनाले थप भएका वडाहरूलाई समेत खानेपानीको सुविधा उपलव्ध गराउनुपर्छ भन्ने धुलिखेल नगरपालिकाको स्पष्ट धारणा रहेको र सो कार्यका लागि यथासक्य प्रयासहरू समेत गरिएका छन । आगामी आ.व. मा थप भएका वडाहरूमा खानेपानी सुबिधा विस्तारका लागि विस्तृत सर्भे डिजाइनको कार्य सम्पन्न गरिनेछ ।

सरसफाइको कार्यलाई उच्च प्राथमिकतामा राख्दै आगामी वर्ष यस नगरपालिकालाई खुला दिसामुक्त नगर घोषणा गरिनेछ । नगर क्षेत्रलाइ सफा र स्वच्छ राख्न वडा नागरिक मंच र टोल विकास संस्थाहरूसंग सक्रिय सहकार्य गरिनेछ । जनचेतना अभिवृद्धि गर्दै सरसफाइका लागि व्यापक अभियानहरू संचालन गरिनेछ । पहूँचमार्ग निर्माण गरी स्यानिटरी ल्यान्डफिल साइट संचालनमा ल्याउने आधार तयार गरिनेछ । हाम्रा विकासका प्रयासहरूलाई दिगो बनाउन वातावरणमैत्री विकासका कार्यक्रमहरू संचालन गरिनेछ । यस आ. व. मा तयार गरिएको विपद व्यवस्थापन कार्ययोजनाको खाकालाई व्यवहारमा ल्याइनेछ ।

नगरपालिकावाट प्रवाह हुने सेवाहरूले नागरिकको नगरपालिका प्रतिको धारणा र दृष्टिकोण निर्माण गर्छन भन्ने सत्यप्रति नगरपालिका सजग रही क्रमश: संयूक्त वडा कार्यालयहरू संचालन गर्दै लगिनेछ । पारदर्शिताका सूचकहरूमा नागरिकले महसुस गर्न सक्ने गरी सुधार गरिनेछ । प्रविधिको उपयोगलाई वृद्धि गर्दै नगरपालिकालाई आत्मनिर्भर बनाउन आन्तरिक आम्दानी बढाउने कार्यमा सम्बन्धित पक्षहरूसंग सहकार्य गरिनेछ ।

नगरपालिकाभित्र निर्माण भएका सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका भौतिक संरचनाहरूलाई भवन निर्माण मापदण्डभित्र ल्याउनु पर्ने आवश्यकता गहिरिंदै गएको छ । निजी तथा संस्थागत प्रयोजनका लागि नक्सा पास नगरी भौतिक संरचना निर्माण गर्ने निर्माणकर्ताहरूलाई मापदण्ड र नगरपालिकाको नियमभित्र ल्याउन कडा कदम उठाइनेछ । त्यस्ता निर्माणकर्ताहरुलाई नगरपालिकाको सेवा बन्द गर्ने देखि प्रचलित कानून बमोजिम कडा कारवाही गर्न सम्बन्धित पक्ष र प्रशासनसंग सहकार्य गरिनेछ ।

प्रमूख अतिथि लगायत उपस्थित महानुभावहरू,

अब म नगरपालिकाले निश्चित गरेका उद्धेश्य प्राप्ति तथा नीति कार्यन्वयनका लागि संचालन गरिने योजना, कार्यक्रम तथा बजेटको बिषयमा संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

**आम्दानी तथा खर्च**

आगामी आ.व. मा आन्तरिकतर्फ रू.२,५६,१३,५००.०० तथा बाह्यतर्फ रू.१४,३६,४४,०००.०० गरी जम्मा रू.१६,९२,५७,५००.०० आम्दानी प्राप्त हुने अनुमान गरेको छु । त्यसैगरी आगामी आ.व. मा चालु खर्च रू. ५,७३,६३,५००.०० (३४%) तथा पूँजीगत खर्च रू.११,१३,९४,०००.०० (६६%) गरी जम्मा रू.१६,९२,५७,५००.०० खर्च गरिनेछ. आगामी आ.व. मा हुने कूल खर्चलाई देहाय अनुसार हुने गरी विनियोजन गरिएको छ ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| क | चालु | |
| १ | उपभोग | २,०६,५०,००० |
| २ | कार्यालय संचालन | ८०,७५,००० |
| ३ | सामाजिक सुरक्षा | २,००,५०,००० |
| ४ | सामाजिक परिचालन | ७१,८८,५०० |
| ५ | साँवा तथा व्याज भुक्तानी | १४,००,००० |
| | ***जम्मा चालु (३४%)*** | **५,७३,६३,५००** |
| ख | पूँजीगत | |
| १ | लक्षित वर्ग (३५%) | १,०४,००,००० |
| २ | प्रवर्धनात्मक योजनाहरू | ६२,४०,००० |
| ३ | पूर्वाधार विकास | ९३,६०,००० |
| ४ | समपूरक कोष | १,२०,००,००० |
| ५ | सडक बोर्डका योजनाहरू | ६५,००,००० |
| ६ | सशर्त ठूला पूर्वाधार विकास कार्यक्रम | १,००,००,००० |
| ७ | नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम | १,२५,९४,००० |
| ८ | वातावरणमैत्री स्थानीय शासन कार्यक्रम | १,००,००,००० |
| ९ | जनसहभागितामा आधारित सौर्य सडक बत्ति | ४०,००,००० |
| १० | जिल्ला विकास समितिवाट प्रत्यायोजित योजना | ७५,००,००० |
| ११ | नगर स्तरीय योजना | ७०,००,००० |
| १२ | कन्टिनजेन्सी | १४,००,००० |
| १३ | मर्मत सम्भार कोष | १७,००,००० |
| १४ | आन्तरिक स्रोत थप पूंजीगत खर्च | १२,००,००० |
| १५ | राजस्व बाँडफांड | ६५,००,००० |
| १६ | लागत सहभागिता | ५,००,०००० |
| | ***जम्मा पूँजीगत (६६%)*** | ***११,१३,९४,०००*** |
| | **कूल जम्मा (क+ख) (१००%)** | **१६,८७,५७,५००** |

आगामी आर्थिक वर्ष संचालन हुने योजना तथा कार्यक्रमहरू क्षेत्रगत रुपमा देहाय अनुसार हुनेगरी बजेट विनियोजन गरिएको छ ।

| सि.नं. | विकासको क्षेत्र | विनियोजित रकम | कैफियत(कुल पुजीगत वजेटको ) |
|---|---|---|---|
| १ | खानेपानी | ६७ लाख ४० हजार | ६ प्रतिशत |
| २ | सरसफाई तथा फोहोरमैला व्यवस्थापन | ३१ लाख २० हजार | ३ प्रतिशत |
| ३ | वातावरण संरक्षण | १ करोड | ९ प्रतिशत |
| ४ | सडक | ३ करोड | २७ प्रतिशत |
| ५ | सामाजिक विकास र सशक्तिकरण | १ करोड ४ लाख | १० प्रतिशत |
| ६ | सडक वत्ति व्यस्थापन | ३१ लाख २० हजार | ३ प्रतिशत |
| ७ | उपकरण खरिद | ३० लाख | ३ प्रतिशत |
| ८ | पर्यटन विकास | ५६ लाख | ५ प्रतिशत |
| ९ | भवन निर्माण | ९० लाख २० हजार | ८ प्रतिशत |
| १० | बिशेस कोष | ३० लाख | ३ प्रतिशत |
| ११ | अन्य विविध (ठुला योजनाका गुरु योजना,कम्पाउन्ड वाल, महोत्सव ,क्रमागत योजना ,कन्टिनजेन्सी,समपुरक कोष ,लागत सहभागिता इत्यादी) | २ करोड ६२ लाख ६ हजार २ सय | २३ प्रतिशत |

प्रस्तुत नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने चरणमा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुर्याउनु हुने सम्पूर्ण नगरवासीहरुमा धन्यवाद दिन चाहन्छु । यो नीति तथा कार्यक्रम र बजेट तर्जुमाका रुपमा हरबखत अमूल्य सुझावका साथ सहयोग दिनु हुने नगरस्थित राजनैतिक दलका पदाधिकारी एंव प्रतिनधिज्यूहरुको विकास प्रतिको एकता, संवेदनशीलता, क्षेत्रगत सूचनाको जानकारी एवं दलहरु बीच रहेको अनुकरणीय समन्वय, सहकार्य र सहभागिता हाम्रा लागि अन्त्यत महत्वपूर्ण उपलब्धी हुन आएककोमा कृतज्ञता प्रकट गर्दै यस कार्यमा प्रत्यक्ष सहयोग पुर्याउनु हुने वडा नागरिक मन्चका सम्पूर्ण पदाधिकारीज्यूहरु लगायत विषयगत कार्यालयहरु, नागरिक समाज, गै.स.स. सामुदायीक तथा निजि क्षेत्रका संघसंस्था, एकिकृत योजना तर्जुमा समितिमाका सदस्य महानुभावहरु, व्यवसायी, उद्यमी, समाजसेवी बृद्धिजिवी, संचारकर्मी लगायत सहकर्मी कर्मचारी साथिहरु प्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

पुन यस परिषदबाट प्रस्तुत नीति तथा कार्यक्रम र बजेटलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न साथै थप विकासका लागि समन्वय र संयूक्त प्रयास गर्न सकेमा धुलिखेल नगरको समग्र विकासमा ऊच्च प्रगति हुन सक्ने भएकोले यसको सफल कार्यान्वयनका लागि सम्वद्ध सबै पक्षहरुबाट सदाझै निरन्तर सहयोगको अपेक्षा गर्दछु । अन्त्यमा नगरपालिकाको यस समारोहलाइ महत्व दिई यहाँ पाल्नुहुने प्रमूख अतिथि, बिशेष अतिथि, अतिथिहरू लगायत उपस्थित सबैमा हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

विनोद भट्टराई

प्रमुख एवं कार्यकारी अधिकृत

मिति: २०७३/१०/२९